# सुसमाचार कथा पुस्तक

## पाँच



यो मेरो सुसमाचार कथा पुस्तक पाँच हो

मेरो नाम ______________________________ हो

मेरो सुसमाचार कथा पुस्तक पाँच म पढ्न सक्छु

यी कथाहरू सृष्टिकर्ता परमेश्वरका पवित्र पुस्तकबाट लिएका हुन्।

यस कथा पुस्तकमा भएका सबै चित्रहरू भारतका आदिवासी बालकहरूले बनाएका हुन्।
सुसमाचार कथा पुस्तक पाँच । सर्वाधिकार 2016 । भारतमा मुद्रित।
जानकारीको निम्ति सम्पर्क गर्नुहोस्: WBTC India, P.O. Box 8478, Bangalore 560084.
Email: info@wbtcindia.com



सृष्टिकर्ता परमेश्वर यहाँ हुनुहुन्छ!........................2-19
म देख्न सक्छु.........................................20-29
शान्तिदाता...............................................30-36

# सृष्टिकर्ता परमेश्वर यहाँ हुनुहुन्छ!

सृष्टिकर्ता परमेश्वरले यसो भनिरहनु भएको म सुन्न सक्छु,

‘म तिमीलाई सदा, सदा अनि सदासर्वदाको निम्ति बचाउनेछु।’

म एक ठिटीलाई देख्न सक्छु।

उनको नाम मरियम हो।







सृष्टिकर्ता परमेश्वरको असल आत्माले मरियमलाई यसो भनिरहेको म सुन्न सक्छु,

‘तिमीले एउटा पुत्र जन्माउनेछौ। उनको नाम येशू हुनेछ।

येशू सृष्टिकर्ता परमेश्वरको आत्माद्वारा हुनुहुन्छ।


येशूले तिमीलाई सदा, सदा अनि सदासर्वदाको निम्ति बचाउनुहुनेछ।’

म एक जवान मानिसलाई देख्न सक्छु।


उनको नाम योसेफ हो।

योसेफको पुर्खाहरू राजा
दाऊदको कुलका हुन्।

राजा दाऊद अब्राहामको कुलका हुन्।







सृष्टिकर्ता परमेश्वरले असल आत्मालाई
यसो भनिरहेको म सुन्न सक्छु,

‘जाऊ अनि योसेफलाई भन कि मरियम
उनको पत्नी हुनेछिन्।

मरियमले एक पुत्र जन्माउनेछिन्।
उनको नाम येशू हुनेछ।

येशू सृष्टिकर्ता परमेश्वरको
आत्माद्वारा हुनुहुन्छ।

येशूले तिमीलाई सदा, सदा अनि
सदासर्वदाको निम्ति बचाउनुहुनेछ।’

सृष्टिकर्ता परमेश्वर आउँदै हुनुहुन्छ...







समय बित्दै गयो।

सृष्टिकर्ता परमेश्वरले राती
आकाशमा एउटा नयाँ तारा
बनाइरहेको म देख्न सक्छु।


नयाँ तारा चम्किरहेको...
चम्किरहेको...चम्किरहेको छ।

ज्ञानी मानिसहरूले राती आकाशमा
हेरिरहेको...हेरिरहेको...हेरिरहेको
म देख्न सक्छु।

नयाँ ताराले देखाइरहेको...देखाइरहेको...
देखाइरहेको छ।







ज्ञानी मानिसहरूले, एउटा सानो शहर
तर्फ...एउटा सानो बाटो भएर...
एउटा सानो गोठ तर्फ
नयाँ तारालाई पछ्याइरहेको
म देख्न सक्छु ।

योसेफ, उनकी पत्नी मरियम अनि एक
सानो बालक येशूलाई म देख्न सक्छु।

सृष्टिकर्ता परमेश्वरले यसो भनिरहनु भएको म सुन्न सक्छु,

'यो सानो बालक येशूले तिमीलाई
सदा, सदा अनि सदासर्वदाको
निम्ति बचाउनेछन्।'







ज्ञानी मानिसहरू सानो बालक येशूको निम्ति गाइरहेको म देख्न सक्छु।

सृष्टिकर्ता परमेश्वर एक सानो
बालकको रूपमा तिमीलाई
सदा, सदा अनि सदासर्वदाको
निम्ति बचाउन आउँनु भएको छ।


सृष्टिकर्ता परमेश्वर यहाँ हुनुहुन्छ!



त्यसै रात...

म गोठालाहरू देख्न सक्छु।

म भेड़ाहरू देख्न सक्छु।








सृष्टिकर्ता परमेश्वरले असल
आत्मालाई यसो भनिरहेको
म सुन्न सक्छु,

‘जाऊ अनि गोठालाहरूलाई भन,
नडराऊ, म तिमीहरूलाई
सुसमाचार सुनाउछु।
येशू तिमीहरूलाई सदा, सदा अनि
सदासर्वदाको निम्ति बचाउनलाई
आउँनु भएको छ।’

एउटा ठूलो, ठूलो, ठूलो चम्किलो उज्यालो म देख्न सक्छु।

म देख्न सक्छु, त्यो ठूलो, ठूलो, ठूलो चम्किलो उज्यालो एक असल आत्मा हो।







असल आत्माले गोठालाहरूलाई यसो भनिरहेको म सुन्न सक्छु,

'नडराऊ, म सुसमाचार सुनाउछु।

येशू तिमीहरूलाई सदा, सदा अनि सदासर्वदाको निम्ति बचाउनलाई आउँनु भएको छ।'

एक...दुई...तीन...चार...पाँच...
छ...सात...धेरै, धेरै, धेरै

असल आत्माहरू सृष्टिकर्ता परमेश्वरको निम्ति गाइरहेको म देख्न सक्छु।







धेरै, धेरै, धेरै असल आत्माहरूले यसो भनिरहेको म सुन्न सक्छु,

‘सृष्टिकर्ता परमेश्वरको निम्ति गाओ।येशूको निम्ति गाउने प्रत्येकलाई शान्ति होस्।’

धेरै, धेरै, धेरै असल आत्माहरूलाई
माथि...माथि...माथि...आकाशमा
गइरहेको म देख्न सक्छु।

गोठालाहरूले येशूको निम्ति
गाइरहेको म देख्न सक्छु।







सृष्टिकर्ता परमेश्वर एक सानो
बालकको रूपमा तिमीलाई सदा,
सदा अनि सदासर्वदाको निम्ति
बचाउन आउँनु भएको छ।

सृष्टिकर्ता परमेश्वर यहाँ हुनुहुन्छ!

# म देख्न सक्छु

धेरै वर्षहरू बिते।


सानो बालक येशू अब ठूलो हुनुभएको छ।

आज बजारको दिन हो।

शहरमा धेरै मानिसहरू म देख्न सक्छु।

म एउटा मानिसलाई देख्न सक्छु।

उ अन्धो छ।







येशूका चेलाहरूले यसो
भनिरहेको म सुन्न सक्छु,
'के यस अन्धो मानिसले
खराब काम गरेको कारण
अन्धो जन्मेको हो?'

येशूले उहाँका चेलाहरूलाई यसो
भनिरहेको म सुन्न सक्छु,

'होइन, उसले खराब काम गरेको
कारण उ अन्धो जन्मेको होइन।

तिमीहरूले सृष्टिकर्ता परमेश्वरको
शक्तिलाई देख्न सक भनेर
उ अन्धो जन्मेको थियो।

म येशू, तिमीहरूलाई
बचाउनलाई आएको हुँ।'







येशूले अन्धो मानिसलाई छोएको
म देख्न सक्छु।

अन्धो मानिसले अब देख्न सक्छ।

येशूले यसो भनिरहेको
म सुन्न सक्छु,

'म संसारको ज्योति हुँ।'

एक धार्मिक अगुवाले अहिले देख्ने भएको त्यो अन्धो मानिसलाई यसो भनिरहेको म सुन्न सक्छु,

‘तिमीलाई छुने मानिस को हो भनी तिमी भन्छौ?’







अहिले देख्ने भएको त्यो अन्धो मानिसले यसो भनिरहेको म सुन्न सक्छु,

‘मलाई छुने मानिस येशू हुनुहुन्छ।

येशू तिमीलाई सदा, सदा अनि सदासर्वदाको निम्ति बचाउन आउँनु भएको छ।’

धार्मिक अगुवाले अहिले देख्ने भएको त्यो अन्धो मानिसलाई शहरदेखि बाहिर निकालिरहेको म देख्न सक्छु।







येशूले अहिले देख्ने भएको त्यो अन्धो मानिसलाई यसो भनिरहेको म सुन्न सक्छु,

'म को हुँ भनि तिमी भन्छौ?'

अहिले देख्ने भएको त्यो अन्धो मानिसले
येशूलाई यसो भनिरहेको म सुन्न सक्छु,

‘तपाईं मलाई सदा, सदा अनि
सदासर्वदाको निम्ति बचाउन आउनुभयो।

तपाईं संसारको ज्योति हुनुहुन्छ।’







येशू संसारको ज्योति हुनुहुन्छ।

येशूमा मात्र अन्धकारलाई
हटाउने शक्ति छ।

सृष्टिकर्ता परमेश्वर यहाँ हुनुहुन्छ!

# शान्तिदाता

अर्कै दिन, अर्कै समय, अर्कै ठाउँ।

म एउटा मानिसलाई देख्न सक्छु।

उनको नाम सिमोन हो।







सिमोनले येशूलाई यसो भनिरहेको म सुन्न सक्छु,

'कृपया मेरो घरमा आउनुहोस्।'

येशू र सिमोनलाई सिमोनको घरभित्र म देख्न सक्छु।


एक स्त्रीलाई पनि सिमोनको
घरभित्र म देख्न सक्छु।

यो स्त्रीले धेरै खराब
कामहरू गरेकी छिन्।

यो स्त्री येशूको पाउमा
झुकेकी म देख्न सक्छु।





यो स्त्री रोइरहेकी म देख्न सक्छु।

उनका आशुँ येशूको पाउमा
झरिरहेका छन्।

यो स्त्रीले येशूको पाउहरू आफ्नो
कपालले पुछिरहेकी म देख्न सक्छु।







येशूले यस स्त्रीलाई यसो
भनिरहेको म सुन्न सक्छु,

‘तिमीले गरेका सबै खराब कुराहरु
म तिमीलाई क्षमा दिन्छु।

शान्तिसाथ जाऊ।’

येशूले मात्र शान्ति दिनुहुन्छ।

येशूमा मात्र अन्धकारलाई
हटाउने शक्ति छ।

सृष्टिकर्ता परमेश्वर यहाँ हुनुहुन्छ!

